☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

मिति २०७५ चैत्र १५

## प्रेस विज्ञप्ति

तानसेन नगरपालिकाले सडक विस्तारको सन्दर्भमा गरेको पछिल्लो निर्णयलाई आधार बनाएर उत्पन्न क्रियाप्रतिक्रियाबारे सञ्चारमाध्यममा प्रकाशित प्रशारित विषयवस्तुलाई लिएर २०७५ चैत्र १५ गतेका दिन समाचारसंकलनका क्रममा तानसेन नगरपालिका परिसरमा पुगेका नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, सदस्य विजयकुमार बोठेल लगायतका पत्रकारहरुप्रति दूर्व्यवहार भएकोले जीउज्यान तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गरीपाउँ भन्दै नेपाल पत्रकार महासंघ पाल्पाले जारी गरेको विज्ञप्तिप्रति हाम्रो ध्यानाकर्षण भएको छ । कसैको अभिव्यक्ति उपर चित्त नबुझे खण्डनगर्ने तथा प्रेस काउन्सिलमा उजुरी गर्ने कानूनी विकल्पहरु हुँदाहुँदै पत्रकारउपर हातपात भएको उक्त घटनाको निन्दा गर्दछौं । यस अवस्थामा सबै पक्ष संयमित रहदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा साथै तानसेनको विकास निर्माणमा आआफ्नो क्षेत्रबाट सहयोग गर्न समेत सबैसँग हामी आग्रह गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
नगरप्रमुख

तानसेन नगरपालिका

Scanned by CamScanner